बुलिङटार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुलिङटार, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल
२०७३

# स्थानीय राजपत्र

बुलिङटार गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ०९) बुलिङटार -०३ , नवलपरासी ( ब.सु.पू) , २०८२ चैत्र १ ( संख्या ११ )

भाग २

बुलिङटार गाउँकार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि बनाएको हुनाले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

## विपद् व्यवस्थापन तथा आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८२

कार्यपालिकाबाट स्वीकृत मिति : २०८२/११/३०

CamScanner

# विपद् व्यवस्थापन तथा आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावना :-**

बुलिङटार गाउँपालिका बाढी, पहिरो, आगलागीजन्य विपद्का घटनाहरुबाट संकटासन्न अवस्थामा रहेको छ । यस्ता प्रकृतिका प्राकृतिक एवम् मानव सिर्जित कियाकलापका घटनाहरुको रोकथाम, न्युनीकरण, आपतकालिन राहत वितरण तथा व्यवस्थापन गर्न साथै आर्थिक रुपले विपन्न गरिबीको रेखामुनी रहेका दिर्घरोगी, हिसां पिडित महिला, बालबालिका, विपन्न अति अशक्त अपाङ्ग र पूर्ण अपाङ्ग, वेवांस्तामा परेका ज्येष्ठ नागरिक, यौन हिसांबाट आकान्त पीडित महिला तथा बालबालिकाहरु शारीरिक वा मानसिक यातना तथा भेदभाव जस्ता दुर्व्यवहारबाट पीडित, दुर्घटनामा परेका व्यक्तिहरुको लागि आर्थिक सहायता प्रदान गरी सामाजिक सुरक्षा र संरक्षण प्राप्त गर्ने नागरिकहरुको मौलिक हकको प्रत्याभूत गर्न वाञ्छनीय भएकोले, बुलिङटार गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी बुलिङटार गाउँपालिकाको कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यो कार्यविधिको नाम "विपद् व्यवस्थापन तथा आर्थिक सहायता सम्बन्धी कार्यविधि,२०८२" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;-

(क) प्रमुख" वा "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ।

(ख) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बुलिङटार गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(घ) "वडा अध्यक्ष" भन्नाले बुलिङटार गाउँपालिकाको वडा अध्यक्षलाई सम्झनुपर्दछ ।

(ङ) "कार्यविधि" भन्नाले बुलिङटार गाउँपालिका भित्र विपद व्यवस्थापन तथा आर्थिक सहायता राहत कोष सञ्चालनको लागि तयार गरेका विपद् व्यवस्थापन तथा आर्थिक सहायता सम्बन्धी कार्यविधि,२०८२ लाई सम्झनु पर्दछ ।

ई. दिपक सुनारी
अध्यक्ष

CamScanner

परिच्छेद-२

कोषको स्थापना उद्देश्य र प्रयोग

३. कोषको स्थापनाः

(१) स्थानीयस्तरमा उत्पन्न भएको वा हुनसक्ने विपदको जोखिम न्युनीकरण तथा व्यवस्थापन सम्बन्धी कार्य गाउँस्तरबाटै सञ्चालन गर्नका लागि आवश्यक स्रोत सङ्कलन तथा परिचालन गर्नका लागि गाउँपालिकामा एक विपद व्यवस्थापन तथा आर्थिक सहायता सम्बन्धी कोष रहनेछ ।

(क) गाउँसभा तथा गाउँपालिकाले विनियोजन गरेको रकम,

(ख) गाउँपालिका पदाधिकारी एवम् कर्मचारीले प्रदान गरेको रकम,

(ग) दातृनिकाय राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्र सरकारी संघसंस्थाहरुबाट कोषको नाममा सोझै प्राप्त रकम,

(घ) अन्य जुनसुकै तवरबाट प्राप्त हुने रकम,

(२) कोषको कुल आम्दानीले यस कार्यविधिको दफा ११(क) बमोजिम कोषमा जम्मा हुनेगरी प्राप्त गरेको रकम तथा वस्तुगत सहायता सामग्रीको प्रचलित मूल्य समेतलाई जनाउनेछ ।

(३) यस कार्यविधि बमोजिम कोषको नाममा प्राप्त हुन आउने वस्तुगत सहायता सामग्रीको छुट्टै अभिलेख राखिनेछ ।

४. उद्देश्यः

(१) स्थानीयस्तरमा हुनसक्ने सम्भाव्य विपदको जोखिम न्युनिकरण तथा विपदको व्यवस्थापनका लागि आर्थिक तथा वस्तुगत सहायता परिचालनगर्ने ।

(२)विपन्न, दीर्घ रोगी, अशक्त, अपाङ्गलाई आर्थिक सहायता प्रदान गरी सामाजिक सुरक्षा र संरक्षण कायम गर्ने ।

कोषले देहायको क्षेत्रमा काम गर्नेछः

(क) विपदको घटनाबाट प्रभावित व्यक्तिहरुलाई स्थानीय स्तरमा तुरुन्त खोज उद्धार र राहत तथा सेवा उपलब्ध गराउने,

(ख) विपद पर्दा तत्काल स्थानीयस्तरमा तत्काल सामना गर्न सक्ने अवस्था सिर्जना गर्ने,

(ग) विपद जोखिम न्युनिकरण, पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभ कार्यलाई सहज गर्ने,

ई. दिपेन्द्र सुनारी
अध्यक्ष

(घ) दिर्घरोगी, दुर्घटनामा परेको तथा आगलागी भई पशु तथा जनधनको क्षति तथा मृत्यु भएमा त्यस्तो व्यक्ति तथा परिवारलाई उपचार तत्काल उद्दार तथा राहत स्वरुप आर्थिक सहायता उपलब्ध गराउने,

५. कोषको प्रयोगः

(१) कोषमा जम्मा भएको रकम तथा राहत सामग्री देहाय बमोजिम खर्च गरिनेछ :

(क) विपदबाट प्रभावित भएको वा हुनसक्ने व्यक्ति तथा समुदायको तत्काल खोजी उद्दार तथा सम्पत्तिको संरक्षण गर्न,

(ख) विपद प्रभावित तत्कालिन राहतका लागि आवश्यक पर्ने खाधान्न खानेपानी, लत्ताकपडा, ब्ल्यांकेट, भाडावर्तन, जस्तापाता, औषधी जस्ता बस्तुहरु खरिद गरी उपलब्ध गराउन तथा तत् सम्बन्धी अन्य आवश्यक कार्यहरु गर्न,

(ग) विपदका कारण स्थायी बसोबास स्थल गुमाएका व्यक्तिहरुका लागिअस्थायी शिविर वा आश्रयस्थल बनाउन तथा पुनर्स्थापना गर्न,

(घ) विपदका कारण घाइते वा बिरामी परेका व्यक्तिहरुको औषधी उपचार गर्न,

(ङ) विपद्का कारण मृत्यु भएका व्यक्तिहरुको काजकिया वा सदगतका लागी निजको परिवारलाई सहायता उपलब्ध गराउन,

(च) विपदका कारण सम्पत्तिको क्षति हुने व्यक्तिलाई आर्थिक सहायता तथा राहत उपलब्ध गराउन,

(छ) खोजी, उद्धार तथा प्राथमिक उपचारका लागि स्वयम्सेवक तथा विशेषज्ञको परिचालन तथा सामग्री खरिद तथा भण्डारण गर्न,

(ज) खोजी उद्दार र राहतको लागि तत्काल यातायात सुचारु गर्न,

(झ) विपदमा परेको व्यक्ति परिवार तथा समुदायलाई आर्थिक सहायता तथा राहत उपलब्ध गराउन,

(ञ) समितिले तोके बमोजिमको आर्थिक सहायता तथा विपद व्यवस्थापन सम्बन्धी अन्य काम गर्न गराउन,

(ट) विपद पूर्वतयारी, प्रतिकार्य लगायत विपद् व्यवस्थापन सम्बन्धी सचेतनामुलक कार्यक्रम गर्ने,

(ठ) विपद् प्रभावितलाई मनोवैज्ञानिक उपचार तथा मनोविमर्श सेवा प्रदान गर्ने,

(ड) अति विपन्न, गरिब, अशक्त, असहाय, दीर्घ रोगीलाई आर्थिक सहायता प्रदान गर्न,

ई. दिपेन्द्र सुनारी
अध्यक्ष

CamScanner

**(६) कोषको प्रयोग गर्न नपाइने :**

(१) कोषमा जम्मा भएको रकम देहायको प्रयोजनको लागि प्रयोग गर्न पाइने छैनः

(क) नियमित प्रशासनिक कार्यको लागि खर्च गर्न,

(ख) सरकारी वा गैह्रसरकारी कर्मचारी तथा पदाधिकारीलाई तलब, भत्ता वा अन्य सुविधा उपलब्ध गराउन,

(ग) कुनैपनि किसिमको गोष्ठी, अन्तरक्रिया तथा सभा सम्मेलन गर्न गराउन,

ई. दिपेन्द्र सुनारी
अध्यक्ष

परिच्छेद-३

विपद् व्यवस्थापन तथा आर्थिक सहायता समिति

**७. विपद् व्यवस्थापन तथा आर्थिक सहायता समिति**

(१) विपद् व्यवस्थापन तथा आर्थिक सहायता समितिसम्बन्धी राहत वितरण,खोज, उद्धार विपद् व्यवस्थापन कोष सञ्चालन लगायतका विपदका सम्पुर्ण विषयको निर्णय गर्न गाउँपालिका स्तरीय देहाय बमोजिमको एक विपद व्यवस्थापन तथा आर्थिक सहायता समिति गठन हुनेछ,

(क) गाउँपालिका अध्यक्ष - अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) आर्थिक विकास समिति संयोजक — सदस्य

(ङ) आर्थिक प्रशासन शाखा प्रमुख — सदस्य

(च) जिन्सी शाखा प्रमुख सदस्य - सदस्य

(छ) गाउँपालिकाको विपद् व्यवस्थापन हेर्ने शाखाको प्रमुख वा योजना शाखा प्रमुख - सदस्य सचिव

समितिले आवश्यक ठानेमा विपद् परेको र सहायता माग भएको सम्बन्धित वडाको वडाअध्यक्ष तथा अन्य व्यक्तिहरुलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ,

(३) अध्यक्षको निर्देशनमा समितिले बैठक बोलाउनेछ,

(४) समितिको सम्पूर्ण सदस्य संख्याको ५१ प्रतिशत सदस्य उपस्थित भए बैठकको गणपुरक संख्या पुगेको मानिने छ,

(५) बैठकको निर्णय अध्यक्षबाट प्रमाणीत हुनेछ,

**८. समितिको काम कर्तव्य र अधिकारः**

(क) विपद् व्यवस्थापन तथाआर्थिक सहायता कोष सञ्चालन समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

(१) विपद् व्यवस्थापन तथा आर्थिक सहायताका लागि आर्थिक स्रोत जुटाउने, कोषको बार्षिक योजना तर्जुमा गरी गाउँसभामा पेश गर्ने,

दि. दिपेन्द्र सुजारी
अध्यक्ष

(२) बिपदमा परेको व्यक्ति परिवार तथा समुदायलाई प्राप्त प्रमाणको आधारमा उपलब्ध गराउने आर्थिक सहायताको निर्णय गर्ने,

(३) विपद् सम्बन्धि चेतनामुलक कार्यक्रम सञ्चालन गर्ने, पिडित परिवारलाई तत्काल राहत उपलब्ध गराउने,

(४) जोखिमबाट पिडित परिवारको लागि पुनर्स्थापनाको व्यवस्था गर्ने,

(५) योजना तथा विकासको कार्यक्रम वातावरणमैत्री बनाउन समन्वय गर्दै जोखिम न्यूनीकरण गर्न प्रयास गर्ने,

(६) स्थानीय तहका विपद् जोखिम व्यवस्थापन सम्बन्धि योजनाहरुको तर्जुमा र कार्यान्वयन गराउदै विपद जोखिम व्यवस्थापनलाई संस्थागत गरी विपद् उत्थानशील समाजको निर्माण गर्ने,

**९. कोषमा जम्मा भएको रकम तथा सामाग्री पालिकाको विपद् व्यवस्थापन समितीले देहाय बमोजिमको कार्यमा खर्च गरिनेछ :**

(क) विपद्वाट प्रभावित भएको वा हुन सक्ने व्यक्ति वा समुदायको तत्काल खोजी, उद्धार तथा सम्पत्तिको संरक्षण गर्न,

(ख) विपद् प्रभावितको तत्कालीन राहतका लागि आवश्यक पर्ने खाद्यान्न, खानेपानी, लत्ता कपडा, औषधी, सरसफाइ तथा शैक्षिक सामाग्री जस्ता वस्तुहरू खरिद गरी उपलब्ध गराउन तथा तत् सम्बन्धी अन्य आवश्यक कार्य गर्न,

(ग) विपद्को कारण स्थायी बसोबास स्थल गुमाएका व्यक्तिहरूका लागि अस्थायी शिविर वा आश्रय स्थल वनाउन तथा पुनर्स्थापना गर्न,

(घ) विपद्को कारणबाट घाइते वा बिरामी भएका व्यक्तिको औषधोपचार गर्न,

(ङ) विपद् प्रभावितलाई मनोवैज्ञानिक उपचार तथा मनोविमर्श सेवाप्रदान गर्न,

(च) विपद्को कारणबाट मृत्यु भएका व्यक्तिको काजक्रिया वा सदगतका लागि निजको परिवारलाई तोकिए वमोजिमको सहायता उपलब्ध गराउन,

(छ) विपद्को कारण सम्पत्तिको क्षती हुने व्यक्तिलाई तोकिए बमोजिमको राहत उपलब्ध गराउन,

(ज) खोज, उडार तथा प्रार्थमक उपचारका लागि स्वयम् सेवकको परिचालन र सामाग्री खरिद तथा भण्डारण गर्न,

(झ) विपद्को कारणबाट भएको फोहरमैला तथा प्रदुषणको विसर्जन गर्न,

(ञ) विषद् पूर्व सूचना प्रणाली सञ्चालन गर्न,

ई. दिपेन्द्र सुनारी
अध्यक्ष

(ट) खोज, उद्धार र राहतको लागि तत्काल सञ्चार तथा यातायात सूचारु गर्न,

(ठ)। वडा स्तरमा रहेका विपद् व्यवस्थापन स्वयम् सेवकहरूको क्षमता विकास तथा परिचालन सम्बन्धी कार्य गर्न,

(ड) जोखिमयुक्त स्थानको पहिचान तथा उक्त स्थानको धनजनको स्थानान्तरण गर्न,

(ढ) विपद् पश्चात विपदबाट भएको क्षतिको लेखाजोखा र विपद् पश्चातको आवश्यकताको पहिचान गर्न,

(ण) विपद् पछिको पुनःनिर्माणको कार्य गर्न,

(त) विपद् रोकथाम, अल्पीकरण, पुर्वतयारी, प्रतिकार्य, विपद् पछिको पुनर्लाभ तथा विपद् जोखिम न्यूनीकरण जस्ता विपद् व्यवस्थापनका कार्य गर्न,

(थ) समितिले तोके बमोजिमको विपद् व्यवस्थापन ,

(द) कार्यपालिकाले निर्णय गरे अनुसार आर्थिक सहायता र राहत वितरणको कार्यमा ।

(ध)माथि दफा (९) मा जुनसुकै कुरा लेखिएको भएता पनि नियमित रूपमा गरिने विकास निर्माण सम्बन्धी कार्यलाई विपद् व्यवस्थापनसँग आवद्ध गराएर कोषबाट कुनै पनि किसिमको खर्च गर्न पाईने छैन।

परिच्छेद-४

आर्थिक तथा प्रशासनिक व्यवस्थापन

**१०. आर्थिक व्यवंस्थापन**

(क) कोषको वित्तीय व्यवस्थापनः कोषमा देहायबमोजिमका रकमहरु रहनेछः

(१) गाउँसभाबाट विपद् व्यवस्थापन कोषका लागि आर्थिक रुपमा विनियोजन हुने रकम,

(२) अन्य स्थानीय तहबाट प्राप्त हुने रकम,

(३) दातृ निकाय, परियोजना, गैहसरकारी संस्थाबाट प्राप्त हुने रकम,

(४) कोषलाई सेवा शुल्क मार्फत विभिन्न स्रोत मार्फत प्राप्त हुने रकम,

(५) संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त हुने रकम,

(६) कोषको रकम नेपाल राष्ट्र बैंकबाट (क) वर्गको इजाजत प्राप्त कुनै पनि बैंकमा छुट्टै खाता खोली कोष जम्मा गरिनेछ । खाता सञ्चालन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत र गाउँपालिकाको लेखा शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(७) कोषको लेखा परिक्षण प्रचलित कानुन बमाजिम हुनेछ ।

डी. दिपेन्द्र सुनारी
अध्यक्ष

## ११. प्रशासनिक व्यवस्था :

(क) कोषको प्रशासनिक तथा आर्थिक कारोबार प्रचलित कानुन बमोजिम नै सञ्चालन गरिनेछ । जुन प्रयोजनका लागि रकम प्राप्त भएको हो सो बाहेक अन्यमा खर्च गर्न पाइने छैन ।

**(ख) आर्थिक सहायता राहत तथा विपदका क्षेत्रहरुः**

(१) घरगोठ आगलागी भई मानिस, पशुपंक्षी तथा धनजनको क्षति भएको,

(२) बाढी, पहिरो तथा जोखिम,

(३) आत्महत्या, लडेर मरेको वा अंगभंग भएको, विष खाएको, दुर्घटनामा परेको दैवी विपदमा परि ज्यान गुमाएकाहरुलाई पोष्टमार्टम खर्च,

(४) अति विपन्न गरिब परिवारलाई आर्थिक सहायताको लागि वडाको सिफारिसमा माग गर्न आएको,

(५) अपाङ्ग सिमान्तकृत समुदाय तथा वर्ग

(६) दीर्घ रोगी, क्यान्सर, मुटुरोग, मृगौला सम्बन्धी रोग, HIV AIDS जस्ता रोग,

(७) महामारी रोगव्याधी झाडापखाला, हैजा सरुवा रोग भएको तथा बिरामी भई मानिसको ज्यान गएको,

(८) भुकम्प

(९) सडक दुर्घटना

(१०)बन्यजन्तुबाट हुने विनाश

(११) खडेरी र अनिकाल

(१२) आँधीबेरी

(१३) चदयाङ्ग

(१४)अनावृष्टि, खण्डवृष्टि, खोलाको सतह बृद्धि, कटान सर्पदंश, रेविज रोग आदि

**(ग) सङ्कट परिकल्पना भन्दा बाहिरको विषय हो ।** यसरी विपद्मा परेका तथा आर्थिक रुपले कमजोर विपन्न वर्ग तथा दीर्घ रोगीहरुलाई तत्काल छिटो, छरितो, मितव्ययी एवम् प्रभावकारी रुपमा आर्थिक सहायता प्रदान गर्न सकेमा सामाजिक न्याय र सामाजिक सुरक्षाको प्रत्युभूति हुन सक्छ भन्ने कुरालाई महशुस गर्दै तपसिल बमोजिमको शीर्षकमा आर्थिक सहायता गाउँपालिका अध्यक्ष बाट र सो भन्दा बढीको नगद तथा जिन्सी मालसामानको आर्थिक सहायता समिति र कार्यपालिकाको निर्णय बमोजिम प्रदान गर्न सकिनेछ ।

(१) मृतक परिवारको लागि तत्काल राहत पुग्ने गरी

ई. दिपेन्द्र सुनारी
अध्यक्ष

CamScanner

| कारण | सहायता गर्ने निर्णय | सहायता गर्न सकिने |
|---|---|---|
| आगलागी भएको र घरको पूर्ण क्षति भएमा | कार्यपालिकाको निर्णय अनुसार | बढीमा रु १०,०००/(अक्षरुपी दस हजार ) सहायता वा प्रति घर परिवार ४ बन्डल जस्तापाता किला काटी |
| आगलागी भई बाढी पहिरो वा अन्य कारणले मानिसको मृत्य भएमा | विपद् व्यवस्थापन तथा आर्थिक सहायता समिति र गाउँ कार्यपालिकाको निर्णय । | क्रिया तथा पोष्ट मार्टम खर्च वापत रु.१००००।- (अक्षरुपी दस हजार) देखी बढीमा रु.२०,००० ।-(बीस हजार सम्म)आर्थिक सहायता प्रदान गर्ने ( कार्यपालिका बैठकको निर्णय बमोजिम गर्ने) |
| प्रकोपबाट धन जन , संरचना , घर , गोठ मा क्षति भएमा | कार्यपालिकाको निर्णय अनुसार | प्रहरीको सर्जमिन मुचुल्का ,फोटो सहित वडा सिफारिस ,स्थलगत निरिक्षण अनुसार क्षतिको अवस्था अनुसार ,<br>१ लाख सम्मको क्षति -५ हजार<br>२ लाख सम्मको क्षति -७ हजार<br>३ लाख सम्मको क्षति -१० हजार<br>५ लाख सम्मको क्षति -१५ हजार<br>सो भन्दा माथि — २० हजार |
| आगलागी बाढी पहिरो वा अन्य कारणले पशु चौपायाको मृत्यु भएमा | घर पुरै नस्ट भएमा १००००।— वा गोठ नस्ट भएमा रु ७,००० वा ४ वण्डल सम्म जस्ता पाता र किला काटी गाउँकार्यपालिकाको निर्णय अनुसार । | साथै , गाई, भैसी, गोरु, रागाँको प्रतिगोटा रु.१००००।- अक्षरुपी दस हजार का दरले र खसी बाखा भएमा प्रतिगोटा रु.२५००।— दुई हजार पाँच समय (वीमा नभएको हकमा मात्र) र घर गोठ आगलागी भएमा छाउन<br>४ वण्डल जस्ता पाता र किला काटी(बढीमा १० वटासम्म बा खापाठा र ३ वटा सम्म गाईभैसीको आर्थिक सहायता गर्ने) |
| वेवारिसे लास भेटिएमा | कार्यपालिकाको निर्णय अनुसार | रु १० हजार सम्म काजक्रिया सदगत खर्च ,बाहिरि पालिका , जिल्लाको हकमा शवबाहन खर्च अनुसार |

ई. दिपेन्द्र सुनारी
अध्यक्ष

CamScanner

| | | |
|---|---|---|
| घरगोठको छानाउडाई पूर्ण रुपमा क्षति गरेमा २ लाखभन्दा बढी धनमाल क्षति नष्ट भएमा प्रहरीकोसरजमीन मुचुल्का, वडाको सिफारिस र फोटो सहित निवेदन बमोजिम माग भएमा . | कार्यपालिकाको निर्णय अनुसार | रु १००००।— सम्म आर्थिक सहायता उपलब्ध गराउन सक्नेछ । |
| सामान्य र आंशिक रुपमा क्षति भएमा आर्थिक सहायता दिईनेछैन । | | |

नोट : जस्तापाता , निर्माणको सामान वितरण गर्दा खरिद ऐन , नियमावली अनुसार प्राविधिक इस्टिमेटको आधारमा स्वीकृत दररेट अनुसार खरिद गरि वितरण हुनेछ ।

(२) घाईते तथा उपचारको क्रममा रहेका

| कारण | सहायता गर्न सकिने | |
|---|---|---|
| | गम्भीर | सामान्य |
| आगलागी , बाढी , पहिरो , हुरी , वतास , चट्यांग जस्ता मानवीय तथा प्राकृतिक प्रकोप | बढीमा रु १०,०००।— अक्षरुपी ( दस हजार सम्म ) | रु ५,०००।— सम्म |

(३) गम्भीर प्रकृतिका रोगी

रोग लागी उपचारको कममा रहेका विपन्न परिवारलाई बिरामी दर्ता पूर्जा, वडा कार्यालयको सिफारिस, सम्बन्धित बिरामी वा संरक्षकको निवेदन लिई कार्यपालिकाको निर्णय अनुसार बढीमा ५०००।- सम्म प्रदान गर्ने ।

(४)भुक्तानी अनिवार्य रुपमा बैंक मार्फत गर्ने ।

(५) अतिविपन्न, गरिब असहाय अशक्त घर परिवारलाई आर्थिक सहायताको लागि वडा कार्यालयको सिफारिस साथ निवेदन दिएमा निर्णयं बमोजिम बमोजिम बढीमा रु.५०००।- अक्षरुपी पाँच हजार सम्म आर्थिक सहायता उपलब्ध गराईने ।

(७) अन्य जुनसुकै कारणले बसी राखेको घर पूर्ण रुपमा क्षति भई बस्न योग्य नभएको अवस्थामा स्थानीय प्रहरी सर्जमिन मुचुल्का, वडाको सिफारिस प्राप्त भएमा कार्यपालिका बैठकको निर्णय अनुसार रु १००००।— सम्म आर्थिक सहायता वा ४ बण्डल सम्म जस्तापाता र किला काटी उपलब्ध गराउन सकिनेछ ।

ई. दिपेन्द्र सुनारी
अध्यक्ष

CamScanner

(८) राहत :

घरगोठ आगलागी; बाढी पहिरो, घर पुरिएको भुकम्प पिडित चटयाङ्गबाट जनधनको क्षति तथा नष्ट भएकोमा राहत स्वरुप चामल, लत्ताकपडा, ब्ल्याङ्केट, नुनतेल, खाधान्न सामाग्री ओड्ने ओछ्याउने, भाडावर्तन लगायतका राहत सामाग्री स्वरुप वडाको सिफारिस र प्रहरीको सरजमीन मुचुल्का अनुसार उपलब्ध गराउने ।

**(९) राहत सहायता बितरणः** (१) प्रभावित व्यक्तिलाई राहत उपलब्ध गराउँदा कोषमा जम्मा भएको रकम र वस्तुगत सामाग्री मध्ये आवश्यकता र औचित्यका आधारमा दुवै वा कुनै एक मात्र पनि उपलब्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम राहत उपलब्ध गराउनुपूर्व कोषबाट राहत उपलब्ध गराईदिने सम्वन्धमा विपद् प्रभावित व्यक्ति वा निजको एकाघरको परिवारका सदस्यले विपद्को घटना र सोबाट आँफू वा आफ्नो परिवारका सदस्यलाई पर्न गएको हानी नोक्सानीको विवरण सहित अनुसूची १ को ढाँचामा कार्यालयमा निवेदन दर्ता गर्नुपर्नेछ ।

स्पष्टीकरण : (१) परिवार भन्नाले आमा, बुवा , श्रीमान , श्रीमती, छोरा , छोरी र सासु , ससुरा बुझिन्छ । प्रभावितहरुले उल्लेखित राहत प्राप गर्न गस्बन्धित वडा कार्यालयको सिफारिस ,प्रमाणित स्थानीय प्रहरी उचुल्का सहित घटना भएको १५ टिन भित्र गाउँपालिकामा निवेदन दर्ता गर्नु पर्नेछ । पछि आएको निवेदनलाई गाउँपलिकाले मान्यता दिन बाध्य हुनेछैन ।

(२) सामाजिक द्वन्द , व्यक्तिगत हत्या आत्महत्या , गाडी खेल्न बा साहसिक खेल वा मनोरञ्जनमा सहभागी हुँदा भएको दुर्घटना, निजी सवारी दुर्घट्ना, वैदेशिक रोजगारीमा भएको दुर्घटना ( बैदेशिक रोजगार विभाग र र सुरक्षित आप्रवासन कार्यक्रम अन्तर्गत बिमा , क्षतिपूर्तिको लागि पालिकाले समन्वय गर्ने ) र केन्द्र ,प्रदेश तथा जिल्लाबाट विशेषज्ञ टोली नआई नियन्त्रण भएको कुने पनि रोग प्रकोप हुने छैन ।

(३) अन्य विषयमा कार्यपालिकाको निर्णय र समितिको सिफारिसको आधारमा तपशिल बमोजिमको राहत वितरण गर्ने ,

| किसिम | सहायता |
|---|---|
| गम्भीर प्रकृतिको प्राणघातक रोग, बाट बिरामी भई मानिसको ज्यान गएमा | रु १०,०००।— ( अक्षरुपी दस हजार सम्म दिन सकिने छ ) |

**१०) वितरणका आधारहरु :**

।) प्रहरी सर्जमिन मुचुल्का

) प्रकृति अनुसारको प्रमाण सहित वडा कार्यालयको सिफारिस

) सहयता/ राहत माग गर्ने व्यक्ति , परिवारको निवेदन

ई. दिपेन्द्र सुनारी
अध्यक्ष

(४) घटना , विषयवस्तुको जानकारी पुष्ट्याई हुने प्रयास फोटो , तस्बिर हरु ( रंगिन हुनु पर्ने ),

(५) संरचना भत्केको , नस्ट भएकोमा प्राविधिक नापजाँचको रिपोर्ट

(६) अध्यक्ष , उपाध्यक्ष, वडा अध्यक्ष , कार्यपालिका सदस्य , कर्मचारी , प्राविधिक, स्थानीय प्रहरी सहितको संयुक्त टिमबाट फिल्ड निरिक्षणबाट अध्ययन गरि निर्णय अनुसार कार्यविधि अनुरुप राहत सहायता वितरण गर्न सकिने ,

**(घ) अनुगमनः** (१) यस कार्यविधि बमोजिम कोष परिचालन तथा सोबाट भएका कामको नियमित तथा आकस्मिक अनुगमन सम्बन्धी कार्यका लागि समितिको संयोजक वा निजले तोकेको समितिको अन्य कुनै सदस्यको संयोजकत्वमा समितिको न्यूनतम थप एक सदस्य समेत संलग्न रहेको अनुगमन टोली खटिई कोष परिचालनबाट भएको कामको अनुगमन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम खटिएको अनुगमन टोलीले आफूलाई प्राप्त कायदिशका आधारमा अनुगमनका क्रममा देखिएको सत्य तथ्य बिवरण सहितको प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

**११. कोषको आय व्ययको लेखा :** (१) कोषको आय र व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कोषले कार्यपालिकाले तोकेबमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ।

(३) कोषको मासिकरूपमा भएको आम्दानी र खर्चको विवरण राहत /सहायता वितरण भएको महिनामा सो महिनापछि ७ दिन भित्र र अन्य समयमा त्रैमासिक रुपमा सार्वजनिक गर्नुपर्नेछ ।

(४) आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र समितिले कोषको वार्षिक आय व्ययको विवरण समेत खुल्ने वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिका मार्फत गाउँ सभा समक्ष पेश गर्नु पर्नेछ ।

**१२.लेखा परिक्षण :** (१) कोषको आन्तरिक लेखापरीक्षण गाउँपालिकाको आन्तरिक लेखा परिक्षण शाखाबाट हुनेछ ।

(२) कोषको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(३) गाउँ कार्यपालिकाले चाहेमा जुनसुकै बखत समितिको हिसावकिताव जाँच्न वा जाँच गराउन सक्नेछ ।

**१३. अभिलेख राख्ने :** (१) कोष सञ्चालन समितिले कोष परिचालन सम्बन्धमा गरेको निर्णय र अन्य काम कारबाहीको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

ई. दिपेन्द्र सुनारी
अध्यक्ष

CamScanner

(२) उपदफा (१) बमोजिमको अभिलेख कोष सञ्चालन समितिको सदस्य-सचिवको जिम्मामा रहनेछ ।

(३) दफा (१) बमोजिमको अभिलेख सरोकारवाला कुनै व्यक्ति वा संस्थाले माग गरेमानिजलाई नियमानुसार त्यस्तो अभिलेख उपलब्ध गराईनेछ ।

## परिच्छेद-५

## विविध

**१४.सहयोगको लागि आव्हान गर्ने :**

(१) विपद्का कारण आपतकालिन अवस्था सिर्जना भई स्थानीय स्रोत साधन तथा क्षमताले विपदको सामना गर्न कठिन भएमा गाउँपालिकाले आमसर्वसाधारण, परोपकारी संस्था, उधोगी, व्यावसायी प्रवुध्द व्यक्ति, प्रदेश सरकार तथा नेपाल सरकारलाई कोषमा आर्थिक तथा वस्तुगत सहायता उपलब्ध गराउन अनुरोध गर्न सक्नेछ ।

**१५. कार्यकम :**

गाउँपालिका र यस अन्तर्गतका समिति तथा उपसमितिबाट विपद् सम्बन्धि योजना तथा कार्यकम सञ्चालन गर्दा यस कोषबाट गरिनेछ र योजना तथा कार्यकम सञ्चालन गर्नको लागि आवश्यक पर्ने योजनाको छनौट तथा रकमको विनियोजन विपद् व्यवस्थापन कोषमा भएको रकमको आधारमा कार्यपालिका तथा विपद व्यवस्थापन समितिको सिफारिस अनुसार विनियोजन गरी खर्च भएको रकम भुक्तानी दिइनेछ ।

**१६.जाँचपास तथा फरफारकः**

कोषबाट सञ्चालित कार्यकमको जाँचपास तथा फरफारक प्रचलित कानुन बमोजिम हुनेछ ।

**१७.संशोधन**

यस कार्यविधिलाई संशोधन गर्न आवश्यक देखिएमा आर्थिक सहायता तथा विपद् व्यवस्थापन कोष सञ्चालन समितिको सिफारीसमा कार्यपालिकाले गर्नेछ ।

**१८.खारेजी र बचाउ**

(क) यस कार्यविधिमा व्यवस्था भएका विषयहरु प्रचलित कानूनसँग बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

(ख) यस अघि प्रदान गरिएका आर्थिक सहायता यसै कानून बमोजिम भए गरेको मानिने छ।

(ग) कुनै कारणवश कोष सञ्चालन हुन नसकेमा कार्यपालिकाले खारेज गर्न सक्नेछ ।

(घ) कोष खारेज भएमा कोषमा भएको चल अचल सम्पत्ती तथा दायित्व प्रचलित कानून बमोजिम हुनेछ ।

ई. दिपेन्द्र सुनारी
अध्यक्ष

CamScanner

अनुसूची-१

( आर्थिक सहायता /राहतको लागि दिने निवेदनको ढाँचा )

श्रीमान गाउँपालिका अध्यक्ष ज्यू ,

मिति :

बुलिङटार गाउँपालिका ,
नवलपरासी बर्दघाट सुस्ता पूर्व ,गण्डकी प्रदेश

**विषयः आर्थिक सहायता / राहत उपलब्ध गराईदिनु हुन।**

म निवेदक ...................................., स्थायी ठेगाना बुलिङटार गाउँपालिका वडा नं. ......., जिल्ला ................. को बासिन्दा हुँ। आर्थिक बर्ष ................. मिति ................. मा भएको ................................ (जस्तैः आगलागी / बाढी / पहिरो / हावाहुरी / रोग व्याधि / महामारी / अन्य विपत्ति) का कारण र मेरो घरपरिवारलाई ठूलो क्षति पुगेको छ। उक्त घटनाबाट ................................ (घरमा क्षति, अन्नबाली नष्ट, उपचार खर्च, आदि) भएकोले हाल म/हामी आर्थिक रूपमा अत्यन्तै समस्यामा परेका छौं ।

त्यसैले गाउँपालिकाबाट सम्भव भएसम्मको आर्थिक सहायता / राहत उपलब्ध गराई दिनुहुन तपशिलका कागजात ,सिफारिस साथ विनम्र अनुरोध गर्दछु।

संलग्न कागजातहरूः
१. वडा कार्यालयको सिफारिस
२. नागरिकताको प्रतिलिपि
३. क्षतिको विवरण तथा फोटो (भएमा)
४. अन्य सम्बन्धित कागजात

पुनश्च : माथि पेश गरेको व्यहोरा , कागजात, सिफारिसहरु साँचो हुन , झुट ठहरिएमा कानून बमोजिम हुने कारबाहीको लागि मन्जुर छु ।

निवेदक
नामः ......................................
ठेगानाः ......................................
सम्पर्क नं.: ......................................
हस्ताक्षरः......................................

ई. दिपेन्द्र सुनारी
अध्यक्ष

(कार्यालय प्रयोजनको लागि टिप्पणी नमुना)

बुलिङटार गाउँपालिका ,
शाखाः प्रशासन / योजना शाखा
मितिः ..........................

विषयः विपद् व्यवस्थापन कोषबाट राहत/आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा।

**टिप्पणीः**

यस गाउँपालिकामा मिति ................. मा परेको .......................... (जस्तैः आगलागी / बाढी / पहिरो / हावाहुरी / रोग व्याधि / महामारी आदि) का कारण ................. गाउँपालिका वडा नं. ....... निवासी श्री/श्रीमती ................................ लाई ठूलो क्षति पुगेको भनी निजबाट गाउँपालिकामा आर्थिक सहायता / राहत उपलब्ध गराइदिनु हुन भनी निवेदन पेश भएको छ।

उक्त सम्बन्धमा वडा नं. ....... कार्यालयबाट प्राप्त सिफारिस पत्र तथा संलग्न कागजातहरू अध्ययन गर्दा घटनाबाट निजको ................................ (घरमा क्षति / अन्नबाली नष्ट / उपचार खर्च आदि) भएको पुष्टि भएको छ।

गाउँपालिकामा रहेको **विपद् व्यवस्थापन कोष** बाट राहत उपलब्ध गराउने सम्बन्धी प्रचलित कानुन तथा कार्यविधि अनुसार विपद् पीडितलाई राहत उपलब्ध गराउन सकिने व्यवस्था रहेको हुँदा मानवीय तथा सामाजिक दृष्टिकोणबाट निजलाई राहत स्वरूप रु. ................ (अक्षरेपी .............................. रुपैयाँ मात्र) उपलब्ध गराउने विषयमा गाउँकार्यपालिकाको बैठकमा निर्णयार्थ पेश गर्नु उपयुक्त देखिएकोले आवश्यक निर्णय हुन पेश गरिएको छ।

पेश गर्ने

तयार गर्ने
नामः ................................
पदः ................................
शाखाः प्रशासन / योजना शाखा

ई. दिपेन्द्र सुनारी
अध्यक्ष

सिफारिस गर्ने

श्रीमान पालिका अध्यक्ष ज्यू ,

उपरोक्त व्यहोरा अध्ययन गर्दा विपद् व्यवस्थापन कोषबाट राहत उपलब्ध गराउन उपयुक्त देखिएकाले श्रीमान समक्ष निर्णयार्थ पेश गर्न सिफारिस गर्दछु ।

प्रमुख प्रशासकीय अधिकृत
दस्तखतः ......................
मितिः ......................

---

निर्णय

गाउँकार्यपालिकाको मिति ................ को बैठकको निर्णयानुसार विपद् पीडित / असाहाय श्री/श्रीमती ................................ लाई विपद् व्यवस्थापन कोषबाट राहत स्वरूप रु. ................ (अक्षरेपी ................................ रुपैयाँ मात्र) उपलब्ध गराउने निर्णय स्वीकृत गरिएको छ। आवश्यक कार्यान्वयन गर्न सम्बन्धित शाखालाई निर्देशन दिइन्छ।

गाउँपालिका अध्यक्ष ,
दस्तखतः ......................
मितिः ......................

( नोट : विपद् पिडित , असाहाय ,अशक्त पिडितहरु एक भन्दा बढी निवेदन प्राप्त भएमा प्राविधिक रिपोर्ट , कागजात सहित पालिका अध्यक्ष /कार्यपालिकाको बैठकबाट एकमुस्ट निर्णय भई सो अनुसार राहत वितरण गरिनेछ ।)

ई. दिपेन्द्र सुनारी
अध्यक्ष

आज्ञाले ,
विष्णु बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

CamScanner